# समावेशी लोकतन्त्र र संविधान निर्माण

**काशीराज दाहाल**
**संविधान विश्लेषक**

## भूमिका

लोकतन्त्र नागरिकका हक अधिकार सुरक्षित गरी समाजमा विधिको शासनको सभ्यता कायम गर्ने उत्कृष्ट राजनीतिक व्यवस्था हो । लोकतन्त्रले सबै नागरिकलाई समानरूपमा अवसर प्रदान गर्छ । लोकतन्त्रमा प्रभावकारी सहभागिता, समानता र समन्यायको सुनिश्चितता, राष्ट्रका महत्वपूर्ण विषयमा अन्तिम निर्णयगर्ने शक्ति जनता, निरङ्कुशताको अन्त्य, आधारभूत अधिकारको संरक्षण, स्वतन्त्रताको प्रत्याभूति, आत्मनिर्णयको अधिकार, स्वायत्तता, मानव विकास, शान्ति र सद्भाव जस्ता कुराहरूको सुनिश्चितता हुन्छ ।

लोकतन्त्रले सरकारलाई निर्दयी र निरङ्कुश हुनबाट रोक्छ । नागरिकको आधारभूत अधिकारको प्रत्याभूत गर्छ । स्वतन्त्रताको सम्मान हुन्छ । विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानव अधिकार, जनतामा निहित सार्वभौमसत्ता र राजकीयसत्ता, जनताको सर्वोच्चता र नागरिक सरकार, कानूनको शासन, सामाजिक न्याय र समानता, आवधिक निर्वाचन, शक्तिपृथकीकरण एवम् शक्तिसन्तुलन र नियन्त्रण, स्वतन्त्र र सक्षम न्यायपालिका, पूर्ण प्रेस स्वतन्त्रता, नागरिकको सुसूचित हुने अधिकारको प्रत्याभूति, उत्तरदायी र जिम्मेवार सरकार, पारदर्शीता, जवाफदेहीता र सुशासन, प्रतिस्पर्धात्मक वहुदलीय राजनीतिक प्रणाली, राज्यको स्रोत र साधनमा सबैको समान एवं समन्यायिक वितरण, निष्पक्ष स्वच्छ तथा सक्षम प्रशासनतन्त्रहरूको पूर्ण परिपालना जस्ता व्यवस्थाहरूलाई स्वीकार गरेको राज्य नै लोकतान्त्रिक राज्य हो । लोकतन्त्रीकरणको प्रक्रिया संस्थागत नभएको समाजमा पहिचानको समस्या, वैधानिकताको समस्या, लोकतन्त्रका उपलब्धीहरू जनस्तरमा पुऱ्याउने पहुँचको समस्या, व्यापक जनसहभागिताको समस्या, विभिन्न स्वार्थहरूको समायोजन र एकीकरणको समस्या, वितरणको समस्या जस्ता विभिन्न समस्याहरू रहिरहन्छन् । लोकतन्त्रलाई जीवन्त बनाउने भनेको राजनैतिक सँस्कृति र लोकतान्त्रिक संस्कार नै हो ।

## समावेशी लोकतन्त्र

राज्यको मूल प्रवाहीकरणमा समावेश हुन नसकेका वर्ग, सम्प्रदाय, जातजाती, धर्म, लिङ्ग, भाषा भाषिका व्यक्तिहरूलाई राज्यको मूलधारमा समावेश गरी शक्ति, अवसर र साधन स्रोतमा न्यायोचित साझेदारीको सुनिश्चितता नै समावेशी लोकतन्त्र हो । राज्य व्यवस्थामा समावेश हुन नसकेका वर्ग र समुदायलाई उसको मर्यादाको सम्मान गर्न, सामाजिक, आर्थिक अन्यायका विरूद्ध संरक्षण गर्न त्यस्ता वर्ग र समुदायलाई फाइदा, विशेष छुट, सुविधा र अवसर प्रदान गरी अन्याय र भेदभावको अन्त्य गर्नुनै समावेशी लोकतन्त्रको आधारभूत मान्यता हो । लोकतान्त्रिक राज्य व्यवस्थामा सबै वर्ग र समुदायको समान सहभागिता र उचित प्रतिनिधित्व भएमा नै राज्य व्यवस्थाप्रति आम जनताको आस्था र विश्वास रहने कारण समावेशी लोकतन्त्रको अवधारणालाई आधुनिक राज्यले आत्मसात गर्नुपर्ने सिद्धान्तको

विकास भएको देखिन्छ । समावेशी लोकतन्त्रको सिद्धान्तले सबैलाई समानुपातिक समावेशीको आधारमा राज्य व्यवस्थामा सहभागी गराउने मान्यतालाई स्वीकार गर्छ ।

आधुनिक राज्य सामाजिक राज्यको अवधारणाबाट अगाडि वढेको छ । यस पृष्ठभूमिमा सामाजिक न्यायका सिद्धान्तलाई व्यवहारमा जीवन्त बनाउन राज्य ज्यादै गम्भिर र सम्वेदनशील बन्नु पर्ने अवस्था छ । राज्यले समान व्यवहार गर्न नसेकेका कारण पछाडि परेका, पारेका वा पिछडिएका वर्ग, समुदाय र अल्पसङ्ख्यकहरूलाई रोजगारी, शिक्षा, स्वास्थ्य, व्यवसाय लगायतका विभिन्न क्षेत्रहरूमा संरक्षण र सुविधा दिई त्यस्ता वर्ग र समुदायलाई समान हैसियतमा पुर्‍याउन विशेषसंरक्षण वा सकारात्मक विभेदको व्यवस्था गर्नुपर्ने हुन्छ । विशेषसंरक्षण वा  सकारात्मक विभेद समावेशीकरणको एउटा महत्वपूर्ण अवधारणा हो, जो समानताको नियमलाई व्यवहारिक अनुभूति दिलाउन समन्यायको सिद्धान्तमा आधारित सामाजिक न्यायको मान्यता हो ।

विशेषसंरक्षण वा सकारात्मक विभेदको सिद्धान्तले मूलतः आरक्षण, प्राथमिकता, क्षमता विकास, सहुलियत, सुविधा र छुट जस्ता विभिन्न स्वरूपलाई संरक्षित गर्दछ । विशेषसंरक्षण वा  सकारात्मक विभेदको मुख्य उद्देश्य सापेक्षित रूपमा सुविधाबाट वञ्चित समुदायलाई विशेष सुविधा र संरक्षण प्रदान गरी उनीहरूको उत्थानद्वारा समानताको सुनिश्चितता गर्नु नै  हो । विशेषसंरक्षण वा सकारात्मक विभेदको सिद्धान्तले क्षतिपूर्तिको सिद्धान्त, संरक्षणवादी सिद्धान्त, समानुपातिकताको सिद्धान्त, सामाजिक न्यायको सिद्धान्त जस्ता विभिन्न अवधारणागत मान्यताहरूलाई आत्मसात गर्छ ।

लोकतन्त्र कसैमाथि भेदभाव नगर्ने व्यवस्था हो । तर पनि समाजमा सम्पत्ति, हैसियत, स्वार्थ, कार्य, वुद्धि र विचार जस्ता कुराहरूको भिन्नताले भेदभावको अवस्था रहन्छ । लोकतन्त्रले यस्ता भिन्नताहरूको दुरीलाई कमगरी समतामूलक एवम् न्यायपूर्ण समाज सृजनागर्न महत्वपूर्ण भूमिका खेल्दछ । विभिन्न किसिमको भिन्नताहरू रहेको समाजमा राज्यको तटस्थ भूमिकाले मात्र समानताको सुनिश्चितता गर्न नसकेको कारण कमजोर वर्ग र समुदायको विशेषसंरक्षणद्वारा नै समानताको अनुभूति हुन सक्दछ भन्ने सिद्धान्तको विकास हुन पुगेको हो । समावेशी लोकतान्त्रिक राज्य व्यवस्था निर्माणकालागि राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारको सुनिश्चितता, सामाजिक क्षेत्रको स्वायत्तताको संरचनागत प्रत्याभूति, सीमान्तकृत वर्गको विशेषसंरक्षण, श्रमको सम्मान, अवसरको सुनिश्चितता, स्रोत साधनको समान वितरण जस्ता कुराहरू आवश्यक मानिन्छ ।

लोकतन्त्रभित्र सामाजिक लोकतन्त्रका अवधारणालाई आत्मसात गर्नुपर्छ । लोकतन्त्रभित्र सबै वर्ग र समुदायको हक अधिकार संरक्षित हुने लोकतन्त्रको खोजी नै समावेशी लोकतन्त्र हो भन्ने अर्थमा समावेशी लोकतन्त्रको अवधारणाको विकास भएको छ । समाजमा द्वन्द्वको अन्त गर्न वा द्वन्द्व उत्पन्न हुन नदिन सामाजिक लोकतन्त्रको माध्यमद्वारा सामाजिक न्यायको अवधारणालाई मूर्त रूप दिनसक्नु पर्छ । आज विश्वका उच्च सामाजिक लोकतन्त्रको अग्रपङ्क्तिमा रहेका मूलुकहरूमा डेनमार्क, स्वीडेन, फिनल्याण्ड, नर्बे, अष्ट्रिया, स्वीट्जरल्याण्ड र नेदरल्याण्ड जस्ता मुलुकहरू छन् भने मध्यम सामाजिक लोकतान्त्रिक मूलुकहरूमा जर्मनी, फ्रान्स र जापान जस्ता मूलुकहरू रहेका  छन् । इटाली, न्यूजिल्याण्ड, क्यानाडा, पोर्चुगल, बेल्जियम, अष्ट्रेलिया र स्पेन जस्ता मूलुकहरू सामाजिक लोकतन्त्रप्रति उन्मुख मूलुकहरूको रूपमा सूचीकृत हुन पुगेका  छन् । यससन्दर्भमा सामाजिक लोकतन्त्रको अवधारणालाई आत्मसातगरी समावेशी लोकतन्त्रको सिद्धान्तको आधारमा विद्यमान भेदभावको अन्त्य गरी दीगो शान्ति कायमगर्ने विषय नेपालको प्राथमिक राष्ट्रिय सूची बन्नुपर्छ ।

**नेपाल र समावेशी लोकतन्त्र**

नेपालमा संविधान निर्माणको प्रक्रिया वि.सं. २००४ सालदेखि नै थालनी भए पनि समावेशी लोकतान्त्रिक संविधान निर्माणको प्रक्रिया वि.सं. २०६२/०६३ को जनआन्दोलनको परिणाम पछि नै यस विषयले संवैधानिक महत्व पाउन पुगेको हो । नेपालका पूर्ववर्ती संविधानहरू जनताको सहभागितामा नबनेका र समावेशी लोकतन्त्रका आधारभूत मान्यताहरूलाई समाहित गर्न नसकेको कारण तथा लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसात गरी संविधानको सीमाभित्र रही शासन सञ्चालन गर्ननसक्दा टिक्न सकेनन् । संविधान राष्ट्रको मार्गचित्र र देशको मूल कानून भएकाले लोकतान्त्रिक राज्यका चरित्रहरूलाई संविधानमा समाहित गर्न सक्नुपर्दछ । वि.सं. २०६२/०६३ को जनआन्दोलनले समावेशी लोकतन्त्रको जगमा उभिएर संविधान बनाउनुपर्ने दिशा निर्दिष्ट गरेको छ । यसको पालना हुनैपर्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको समावेशी, लोकतान्त्रिक अग्रगामी पुनरसंरचना गर्ने सङ्कल्प गरेको छ । यस अन्तरिम संविधानले मौलिक हकभित्र छुवाछुत तथा जातीय भेदभाव विरूद्धको हक, वालवालिकाको हक, श्रम सम्बन्धी हक जस्ता केही नयाँ हकहरू स्थापित गरेको छ । राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी, जनजाती, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने सिद्धान्तहरूलाई राज्यको दायित्व अन्तर्गत राखेको छ । आर्थिक सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने कुराको उद्घोष गरेको छ । राज्यले एकल महिला, अनाथ वालवालिका, असहाय, वृद्धा, अपाङ्ग अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिकालागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने भनिएको छ । यसैगरी राज्यले महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायत अलपसङ्ख्यक, भूमिहीन, सुकुम्वासी, कमैया, अपाङ्ग, पिछडिएको क्षेत्र तथा समुदाय र द्वन्द पीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गरिने सिद्धान्तलाई स्वीकारेको छ ।

संविधानसभा अन्तर्गतको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिले पेश गरेको संविधानको प्रारम्भिक मस्यौदा प्रतिवेदन, २०६६ मा समावेशीकरणको सिद्धान्तलाई समावेश गर्ने गरी विभिन्न व्यवस्थाहरू प्रस्ताव गरेको छ । जसअनुसार मौलिक हक अन्तर्गत प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने कुराको संवैधानिक प्रत्याभूति गरेको, समानताको हक अन्तर्गत अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको संरक्षण, सशक्तीकरण र विकासका लागि कानुनद्वारा विशेष व्यवस्थागर्न सकिने गरी विशेष सुरक्षाको व्यवस्था गरेको छ । यस व्यवस्था अनुसार त्यस्ता वर्ग र समुदायकालागि वस्तुपरक तथ्याङ्क र सूचनाका आधारमा राज्यले आवश्यकता र अवस्था अनुसार ऐन कानुन बनाई विशेष संरक्षण गर्न सक्ने व्यवस्था गरिएको हो । मौलिक हकका रूपमा खाद्य सम्बन्धी हक, आवास सम्बन्धी हक, दलित समुदायको हक, सामाजिक न्यायको हक जस्ता केही नयाँ हकहरू समावेश गरिएको छ । खाद्यान्न प्राप्त गर्न असमर्थ नागरिकहरूको लागि राज्यले खाद्यान्नको समुचित व्यवस्था गर्ने सुनिश्चितताको लागि खाद्य सम्बन्धी हकलाई मौलिक हकमा राखिएको छ । यस्तैगरी आर्थिक सामाजिक न्यायको सिद्धान्त बमोजिम कमजोर वर्ग र समुदायको उत्थान र विकासका निम्ति विभिन्न हक अधिकारको व्यवस्था गरिएको छ । मौलिक हकको रूपमा राखिएको व्यवस्था वाध्यकारी हुन्छ । यसको कार्यान्वयन राज्यले गर्नु पर्दछ । अन्यथा अदालतबाट कार्यान्वयन गराउने उपचार प्राप्त हुन्छ । यसैले मौलिक हकको रूपमा राखिएको विषयलाई प्रचलन गराउन राज्यको क्षमतापनि सँगसँगै विकास हुनु आवश्यक छ । अन्यथा मौलिक हक घोषणात्मक मात्र हुन पुग्दछ ।

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिले पेश गरेको संविधानको प्रारम्भिक मस्यौदामा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी विशेष नीति भनी राज्यको निर्देशक सिद्धान्त र नीति अन्तर्गत राखेको छ । जसअनुसार महिला, दलित, मधेशी, आदिवासी जनजाति, पिछडावर्ग, मुस्लिम, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदाय, उत्पीडित वर्ग, यौनिक तथा लैङ्गिक अलपसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, पछाडि पारिएको क्षेत्र, गरिब, किसान, मजदुर, यूवा वर्गलाई समावेशी सिद्धान्तको आधारमा मूलुकको राज्य संरचना तथा सार्वजनिक सेवामा समावेशी समानुपातिक सहभागिताको सिद्धान्तका आधारमा सहभागी गराउँदै जाने, असहाय अवस्थामा रहेका एकल महिलालाई रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, विपन्न वर्ग, असक्त, वालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र असहाय नागरिकको अधिकार, मर्यादा र सुरक्षाको प्रत्याभूति गर्ने जस्ता विभिन्न व्यवस्थाहरू गरेको छ ।

संविधानसभा अलपसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको प्रारम्भिक मस्यौदा प्रतिवेदन, २०६६ ले अलपसङ्ख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएको समुदायलाई आफ्नो मौलिक पहिचान सहित सम्मानपूर्वक बाँच्नपाउने हक हुने र त्यस्ता समुदायको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, प्रशासनिक वा प्रादेशिक रूपमा पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको समुदाय वा वर्गको पहिचान गरी उनीहरूको संरक्षण, विकास र सशक्तीकरणको लागि राज्यको हरेक तहमा पूर्ण समानुपातिक प्रतिनिधित्व सहित राज्यले विशेष व्यवस्था गर्ने तथा जातीय विभेद र छुवाछुतको दुर्व्यवहार एवं धार्मिक, साँस्कृतिक उत्पीडन भोग्ने समुदायलाई राज्यले सो विभेद, दुर्व्यवहार वा उत्पीडनको क्षतिपूर्ति वापत समानुपातिकता माथि थप अधिकार सुनिश्चितताको विशेष व्यवस्था गर्ने जस्ता व्यवस्था प्रस्ताव गरेको छ ।

संविधानसभा  राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले पेश गरेको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६ मा समावेशीकरणको सिद्धान्त अन्तर्गत महिलाका विशेष अधिकारका रूपमा राज्यका सम्पूर्ण तह र संरचनामा जनसंख्याको आधारमा समावेशी सहितको समानुपातिक प्रतिनिधित्वको अधिकार हुने, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाको क्षेत्रमा विशेष अधिकार हुने, नीति निर्माणको तहमा रहने नेतृत्वदायी पदमा महिलाको समानुपातिक प्रतिनिधित्व र सहभागिताको विशेष व्यवस्था गरिने, महिलाले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा मधेशी महिला, आदिवासी जनजाती महिला, अलपसङ्ख्यक र दलित महिलाको समेत समानुपातिक प्रतिनिधित्व गराउने कुरा उल्लेख छ । यसैगरी दलितको विभिन्न अधिकारहरूको व्यवस्था गर्दै सरकारी, अर्ध-सरकारी उद्योग र औधोगिक प्रतिष्ठानहरूमा समानुपातिक ढङ्गले रोजगारीको प्रत्याभूत गर्ने, सङ्घीय, प्रादेशिक र स्थानीय तहका सबै राजनैतिक संरचनामा जनसंख्याको आधारमा दलितको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरी सङ्घीय र प्रादेशिक संरचनामा क्रमश तीन र पाँच प्रतिशत थप प्रतिनिधित्वको व्यवस्था गरिएको छ । निजामती सेवा, प्रहरी र सेना लगायतका रोजगारीमा अन्य क्षेत्रमा दलितको प्रतिनिधित्व र सहभागिताका लागि समावेशी र समानुपातिक आधारमा गरिने सिद्धान्तलाई स्वीकार गरिएको छ । मधेशी समुदायलाई राज्यको नीति निर्माण, शासन, प्रशासन, जङ्गी, प्रहरी, संस्थान, विकास समिति, प्रतिष्ठान लगायतका सम्पूर्ण तह र संरचनामा नेतृत्वदायी पद समेतमा जनसङ्ख्याको आधारमा समावेशी सहितको समानुपातिक प्रतिनिधित्वको अधिकार हुने गरी मधेशीको अधिकारको व्यवस्था गरिएको छ । यसैगरी राज्यले सङ्घीय संरचनाका सबै तहहरूमा लोपोन्मूख जाति, समुदायको प्रतिनिधित्व, सहभागिता र विकासका लागि विशेष संरक्षण गरिने, आर्थिक र सामाजिक रूपले विपन्न अति अलपसङ्ख्यक र सीमान्तकृत समुदायको प्रतिनिधित्व, सहभागिता, संरक्षण र विकासका निम्ति

विशेष व्यवस्था गरिने सिद्धान्तलाई स्वीकार गरी लोपोन्मुख जाति , समुदायको अधिकारलाई प्रत्याभूत गरिएको छ । महिला तथा दलित समुदायको विशेष अधिकारको व्यवस्थाको कार्यान्वय र त्यसको प्रभाव सम्बन्धमा मानव विकास सूचकाङ्कको आधारमा प्रत्येक दश वर्षमा गरिने राष्ट्रिय जनगणनासँगै सरकारले समीक्षा तथा पुनरावलोकन गर्ने व्यवस्था गरेको छ ।

नेपालमा अग्रगामी परिवर्तनकालागि सामन्ती, निरङ्कुश, केन्द्रीकृत, एकात्मक र पितृसतात्मक राज्य व्यवस्थाले सृजना गरेको विभेद र उत्पीडनको पीडालाई स्मरण गर्दै लोकतान्त्रिक समानुपातिक समावेशी शासन व्यवस्था लगायतका मूल्य र मान्यतालाई अवलम्बन गरी समाजवादकोआधार निर्माण गर्ने प्रतिबद्धता संविधानसभाका विषयगत समितिहरूले प्रस्ताव गरेको प्रारम्भिक मस्यौदाले अङ्गिकार गरेको छ । यस्तै अबको राज्यव्यवस्थाले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक,लैङ्गिक र वर्णव्यवस्थाजन्य जातपात र छुवाछुत लगायत सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक समानता, सम्पन्नता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक मान्यताको आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ ।

**संविधानसभा र संविधान निर्माण**

२०६२/०६३ को जनआन्दोलनको परिणाम अग्रगामी परिवर्तनका निम्ति समावेशी लोकतान्त्रिक राज्य निर्माणको उद्देश्य अनुरूप जनताको सहभागितामा संविधान बनाउन संविधानसभाको गठन भएको हो । अहिलेसम्मको संविधानसभाको कामको अध्ययन गर्दा संविधानसभाले जनताको चाहना बमोजिम संविधान बनाउन जनताको सुझाव सङ्कलन गरी विभिन्न विषयगत समितिहरू मार्फत संविधानको प्रारम्भिक मस्यौदा तयार गरेको छ । कतिपय संविधानका अन्तरविषयवस्तुहरूमा मतैक्य हुन सकेको छैन । विषयगत समितिहरूले तयार गरेको प्रारम्भिक मस्यौदामा परिमार्जन गरी संविधानसभाबाट त्यस्तो प्रारम्भिक मस्यौदा पारितगरी त्यसमा जनताको राय सुझाव लिई संविधान विधेयकको रूपमा पेश गरी संविधान पारित गर्ने जस्ता महत्वपूर्ण कामहरू गर्न अझ बाँकी नै छन् ।

नेपालको अहिलेको मुख्य राष्ट्रिय प्राथमिकताको विषय शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउनु र जनआन्दोलनको जनादेश बमोजिम नयाँ लोकतान्त्रिक संविधान निर्माण गर्नु हो । मूलुकमा दीगो शान्ति निर्माणका निम्ति विस्तृत शान्ति सम्झौता निर्माण गरी त्यसको कार्यान्वयन गर्ने राष्ट्रिय प्रतिबद्धता व्यक्त भएको भएपनि अहिले शान्ति सम्झौता स्वामित्वहीन जस्तो भएको छ । त्यसैगरी संविधानसभाबाट संविधान जारी गर्ने म्याद सकिएर पनि थप गरिएको म्याद भित्र पनि संविधान बन्ने कुरा अनिश्चित हुँदैछ । मूलुक अहिले यी दुई प्राथमिक कार्य पूरा गर्न गम्भीर बन्नु पर्ने स्थिति छ । इतिहासको यो जिम्मेवारी पूरा गर्न राजनैतिक दलहरूले आफ्नो सामर्थ्य देखाउनुपर्ने अवस्था छ । यसको लागि वलियो एकता कायम गरी आपसी छलफलबाट राजनीतिक मतभेद टुङ्ग्याउँदै संविधानसभालाई गति दिनु बाहेक अहिले अर्को विकल्प देखिन्न ।

राजनीतिक दलहरू सत्ता केन्द्रित राजनीतिमा बढी नअलमलिएको भए अहिलेको समयमा मूलुकले नयाँ संविधान पाई त्यस अन्तर्गत नयाँ व्यवस्थापिका गठनको निर्वाचन प्रक्रियामा गईसकेको हुन्थ्यो । संविधान बनाउनका लागि गठन भएको संविधानसभाले नै व्यवस्थापिका-संसदको पनि काम गरेको अवस्था नहुँदो हो त सरकार बनाउन नसक्ने त्यस्तो व्यवस्थापिका-संसद विघटन भै अर्को संसद गठनको प्रक्रिया प्रारम्भ भैसकेको हुन्थ्यो । नेपालको वर्तमान सन्दर्भ अलि फरक छ । संविधानसभाले

व्यवस्थापिका-संसदको पनि काम गरेको कारण व्यवस्थापिका-संसद मात्र खण्डे विघटन गर्ने अवस्था देखिन्न ।

संविधानसभाका विषयगत समितिहरूले संविधानको प्रारम्भिक मस्यौदा प्रतिवेदन  संविधासभा समक्ष पेश गरेको भएपनि  संविधानको आधारभूत अन्तरविषयवस्तुहरूमा सहमति बन्न सकेको छैन । सत्ता केन्द्रित राजनीतिले गर्दा संविधान निर्माणमा कार्यतालिका परिवर्तन गर्ने बाहेक २०६६ माघ देखि कुनै काम भएको देखिन्न । संविधानसभा र व्यवस्थापिका-संसदलाई अलग अलग रूपमा छुट्याउन नसक्दा व्यवस्थापिका-संसदले संविधानसभालाई ओभ्ेलमा पारेको छ । दलका शीर्षस्थ नेतृत्वहरूको संविधानसभाको बैठकमा उपस्थित ज्यादै न्यूनरूपमा हुने गरेको अवस्था छ । सहमती, सहकार्य र समभ्दारीको सँस्कृतिद्वारा सङ्क्रमणकालको व्यवस्थापन गर्नुपर्नेमा सरकार गठन गर्न नै वहुमत सम्म नपुग्दा संविधानका अन्तरविषयवस्तुहरूमा दुई तीहाईको सहमति बन्ने सम्भावनाहरू सहज देखिन्न । शान्ति प्रक्रिया, लडाकु व्यवस्थापन र सरकार गठनको कचिङ्गलले तोकिएको समयभित्र संविधान बन्ने कुरा अनिश्चित हुँदैछ । २०६७ जेठ १४ सम्म संविधान बनाउन जनताको जनादेश संविधानसभालाई भएकोमा अन्तरिम संविधानको संशोधनबाट म्याद थप पछिका दिनहरूमा संविधानसभा स्वयं नै उर्जाशिल बन्न सकेको छैन । पटक-पटक म्याद थप गर्दै संविधानसभाको आयु बढाउँदैजान खोजियो भने संविधानसभाको वैधानिकतामा नै प्रश्न उठ्ने छ र मुलुकको भविष्य अनिशिचत हुने छ। यस्तो हुन नदिन राजनीतिक दलका खेलाडीहरूले गतिरोधको निकास दिन सक्नैपर्छ ।

अहिलेको राजनीतिक गतिरोध संविधान र कानुनका कारणले सिर्जना भएको नभई राजनीतिक कर्ताको  नियत र स्वार्थको परिणति हो भन्ने देखिन्छ। स्वार्थ र नियत ठीक हुने हो भने गतिरोध अन्त्य गर्न कुनै कठोर कानुनी अप्ठ्यारा र अड्चनहरू देखिन्नन् । संविधान र नियम कानुन नै राजनीतिक सहमतिको उपज भएकाले राजनीतिक सहमति बन्न सकेमा कुनै पनि कानूनी अड्चन भएपनि त्यो सजिलै समाधान हुन सक्दछ। त्यसैले अहिले पनि ठूला दलहरूले निखिएर निकासको सहमति खोज्ने र साना दलहरूलाई समर्थन लिई अघिबढ्ने हो भने मूलुकमा परेको अहिलेको राजनीतिक गाँठो सजिलै फुक्न सक्दछ ।

## निष्कर्ष र सुझाव

समावेशी लोकतन्त्र भावी संविधानको आधारभूत विशेषता हो । सामन्तवादका सबै स्वरूप र अवशेषहरू समाप्त गर्दै देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूको समाधान गर्ने स्वरूपको आर्थिक, सामाजिक रूपान्तरणको नीति अवलम्बन गर्ने, उपेक्षित र उत्पीडित वर्ग र समुदायको उत्थान र विकासकालागि विशेष संरक्षणको नीति लिने तथा राज्यको नीतिनिर्माण, विकास, शासन प्रशासन लगायतका क्षेत्रहरूमा समानुपातिक प्रतिनिधित्व हुने समावेशी सिद्धान्तको अवलम्बन गर्ने कुरामा संविधानसभाभित्र मतैक्य नै रहेको रहेको देखिन्छ । समावेशी लोकतन्त्रको अनुभूति हुन सर्वप्रथम लोकतान्त्रिक प्रणालीको सुनिश्चितता त्यतिकै आवश्यक हुन्छ । यसकालागि लोकतन्त्रका आधारभूत शर्तहरूको प्रत्याभूति जरूरी छ । नेपालको सामाजिक बनौट र बन्धन एवम् विभेदले सार्वजनिक जीवन र राज्यको संरचनाहरूमा सबै वर्ग र समुदायहरूको समानुपातिक समावेशीकरण हुन नसकेको सत्यतथ्य  हो । यस सन्दर्भमा लोकतान्त्रिक अभ्यासमा अझैपनि महिलाहरूको उल्लेख्य सहभागिता हुन सकेको छैन ।  नेपालमा दलित मुक्तिको प्रारम्भ कानुनीरूपमा २०२० सालको मूलुकी ऐनबाट भएको भएपनि अझसम्म छुवाछुत र भेदभावको समस्याको अन्त्य भएको छैन । मूलुकको

उत्पादनशील र सुगम क्षेत्रमा मधेशी समुदायको बसोबास भएपनि त्यो समुदायले राज्यको मूलधारमा समावेश हुन नसकिरहेको अवस्था छ । त्यसैगरी सन्तुलित प्रतिनिधित्व र सहभागिता नयाँ राज्य संरचनाले सम्बोधन गर्नुपर्ने अर्को समुदाय आदिवासी जनजाती हो । आर्थिक, सामाजिक, धार्मिक, असक्तता, भौगोलिक हिसाबले पछि परेका वर्ग, समुदाय र क्षेत्रको उत्थान र विकासकालागि समावेशी लोकतन्त्र आवश्यक छ । अब बन्ने संविधानले महिला, मधेशी, आदिवासी जनजाती, दलित लगायतका विभिन्न समुदाय र वर्गको आन्दोलनको चुरोलाई सम्बोधन गर्न सक्नुपर्छ । मूलुकलाई बलियो बनाउन मूलुकको निर्णय प्रक्रियामा अधिकतम् जनसहभागिता आवश्यक हुन्छ । यस प्रक्रियामा समाजका सबै वर्ग र समुदाय सामेल हुनसकेनन् भने लोकतन्त्र कमजोर हुन्छ । शान्ति प्रक्रिया र संविधान निर्माणको सन्दर्भमा गाँठो परेको विषयलाई तत्काल फुकाउन र समावेशी लोकतन्त्रिक संविधान निर्माण गर्न देहायका कार्य हुन जरूरी छ :-

- २०६२/०६३ को जनआन्दोलनको परिणाम नेपालमा राजनीतिक सन्दर्भ बदलिएको छ । राज्यको संरचनागत स्वरूपमा परिवर्तन भएको छ । कर्ता र विषयहरू फेरिएका छन । सँस्कृति बदलिएको छ । यस सन्दर्भमा जनआन्दोलनका उपलब्धिहरूलाई संविधानमा सङ्ग्रहित गरी मूलुकमा दीगो शान्ति कायम गर्न जनआन्दोलनका वाहक शक्तिहरूका बीच बलियो एकता, सहमति, सहकार्य र समभ्रूदारीका साथ अग्रगमनकालागि नयाँ मूल्य-मान्यता निर्धारण गरी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन र तोकिएकै समय भित्र जनचाहना बमोजिमको लोकतान्त्रिक संविधान निर्माण गर्न राजनीतिक दलहरूका बीच बलियो कार्य एकता निर्माण गर्ने,
- विस्तृत शान्ति सम्झौता, २०६३ ले स्वीकार गरेको सिद्धान्त र मर्म अनुरूप कार्य हुन नसक्दा शान्ति सम्झौता स्वामित्वहीन जस्तो बन्न गएकाले त्यस्तो हुन नदिन सम्झौता बमोजिम लडाकु व्यवस्थापन निश्चित समयभित्र गरी सक्ने गरी कार्य सम्पन्न गर्न मन्त्रीपरिषद् अन्तर्गतको विशेष समितिलाई बढी सक्रिय बनाउने । यसैगरी विस्तृत शान्ति सम्झौताको उद्देश्य, भावना र मर्म अनुरूप काम भए नभएको सम्बन्धमा अनुगमन गर्न र कार्यान्वयनमा सृजना भएका मतभेद र विमतिहरूलाई सल्टाउन र त्यसको प्रभावकारी कार्यान्वयन गर्न गराउन व्यवस्थापिका-संसदभित्र दलीय सहमतिका आधारमा एक अनुगमन समिति गठन गर्ने,
- परिवर्तित राज्य व्यवस्थामा स्थापित लोकतान्त्रिक पद्धतिको सुदृढीकरण गर्न सङ्क्रमणकालीन न्यायको सिद्धान्त बमोजिम मिलापको वातावरण तयार गर्न विस्तृत शान्ति सम्झौतामा उल्लेख भए बमोजिम राष्ट्रिय शान्ति तथा पुनरस्थापना आयोग, उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग लगायतका विभिन्न आयोगहरू अविलम्ब गठन गर्ने,
- सङ्क्रमणकालीन व्यवस्थापनका लागि एकता र सहमतिको सरकार गठन गर्ने,
- संविधानसभाभित्र विषयगत समितिबाट प्रस्तुत गरिएको संविधानको प्रारम्भिक मस्यौदाका कतिपय महत्वपूर्ण अन्तरविषयवस्तुहरूमा दलीय सहमति बन्न नसक्दा संविधानसभा निस्कृय भूमिकामा रही रहेको अवस्थालाई मध्यनजर गरी संविधानका अन्तरविषयवस्तुमा सहमति हुन नसकेका विषयहरू खासगरी

राज्यको पुनरसंरचना, शासकीय स्वरूप, निर्वाचन प्रणाली, आत्मनिर्णयको अधिकार, राजनैतिक अग्राधिकार, न्यायप्रणाली, व्यवस्थापिका सदनको स्वरूप, नागरिकता, भाषा जस्ता विषयहरूमा दलीय सहमतिबाट चाँडो भन्दा चाँडो राजनीतिक सहमतिको खाका तयार गरी संविधानसभालाई क्रियाशील बनाउने,

- संविधान निर्माण गर्नुको मुख्य उद्देश्य राज्य सञ्चालनका सम्बन्धमा राजनीतिक कर्ताहरूको आचरण र व्यवहारलाई नियमित र व्यवस्थित गर्न राजनीतिको नियम तर्जुमा गर्नु हो । नागरिक अधिकारको सुनिश्चितता गरी राज्य सञ्चालनको प्रक्रिया निर्धारण गर्नु संविधान निर्माणको उद्देश्य रहेकोले संविधानसभाबाट बन्ने संविधानले समावेशी लोकतन्त्रको अवधारणालाई आत्मसात गरी समानता, समन्याय, स्वतन्त्रता र न्यायमा आधारित सामाजिक लोकतान्त्रिक राज्यको स्थापना गर्ने,
- भूमण्डलीकरणको प्रभावलाई मध्यनजर गरी आधुनिक युगको चाहना, जनताका आकाङ्क्षा तथा राष्ट्रिय श्रोतहरू बीच सन्तुलन कायम गर्न नसकेमा राज्य व्यवस्थाले राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सक्तैन । यसको परिणाम राजनीतिक अस्थिरता, कचिङ्गल, द्वन्द्व र विद्रोहहरू उत्पन्न हुन सक्ने तथ्यलाई मनन गर्दै राज्यको क्षमता अभिवृद्धि त्यतिकै आवश्यक छ । यसका निम्ति उत्पादनमूलक अर्थतन्त्रको विकास, राष्ट्रियता र लोकतन्त्रप्रति प्रतिवद्ध गुणस्तरीय शिक्षा, नयाँ प्रविधिको प्रचुर प्रयोग, राज्य संगठनको सवलीकरण र राजनीतिक क्षमताको विकासका पूर्वाधारको निर्माण गर्ने,
- समावेशी लोकतन्त्रको प्रयोग र पालन विभिन्न वर्ग, समुदाय र क्षेत्रमा जनताका बीच वैमनस्यता उत्पन्न गर्न वा सामाजिक सद्भाव खलवल्याउने किसिमबाट नभई सामाजिक न्यायमा आधारित सामाजिक संरचनाको निर्माण राष्ट्रिय एकता र राष्ट्रिय सार्वभौमसत्तालाई बलियो बनाउने किसिमबाट हुनुपर्ने,
- नागरिक अधिकार लागू गर्न सकिने वलियो राज्य निर्माणका आधार सहित नागरिक कर्तव्य र जिम्मेवारी बोध गराउने पद्धतिको विकासगर्ने र यसकालागि नागरिक शिक्षाका माध्यमद्वारा समेत सक्षम नागरिकका रूपमा रूपान्तरण गर्ने आधारहरूको निर्माण तथा समाजका सीमान्तकृत वर्ग र समुदायलाई नागरिक अधिकारको समान हिस्सेदार बनाउन विशेष संरक्षणको व्यवस्थाका अतिरिक्त क्षमता विकास र सशक्तीकरणका उपायहरूको प्रत्याभूति गर्ने, आदि ।

अन्तमा-

ऐतिहासिक दायित्व पुरागर्न संक्रमणकालीन सत्ताकालागि मात्र नअल्मलिई विगतमा भएका आन्दोलन र क्रान्तिका उपलब्धिहरूलाई चाँडो भन्दा चाँडो संविधानमा संग्रहित गर्न संविधान निर्माणको कार्यमा निष्ठापूर्वक सरिक होऔं । विगतका विकृति र विसङ्गतिबाट पाठ सिक्दै मुलुक र जनताले जितेको अनभूतिकालागि दीगो शान्ति र समावेशी लोकतन्त्रलाई संस्थागत गर्न इमान्दारिताकासाथ लागौं ।